# आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तब्य

**सभाध्यक्ष्य महोदय,**

गल्याङ नगरपालिकाको नगरसभाको बैठकमा आर्थिक वर्ष २०७५/७६ को बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु। सवल र सम्वृद्ध नगर निर्माणका लागि संबैधानिक व्यवस्था, दिगो विकास लक्ष्य, संघ र प्रदेशले लिएका नीति तथा कार्यक्रम बमोजिम यस सभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिई यो बजेट तयार गरिएको हो।

**सभाध्यक्ष्य महोदय,**
अब यस सभामा म विषयगत बजेट प्रस्तुत गर्न चाहन्छु।

**१. आर्थिक विकास**

आर्थिक विकासको आधारको रुपमा लगानीमैत्री वातावरण सिर्जना गरि कृषि , पशुपालन र सिचाइका साथै पर्यटन पुर्वाधारको विकास गरी निजि तथा सहकारी क्षेत्रको प्रवर्धन मार्फत उद्योग तथा वाणिज्य क्षेत्रको शुदृढीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा बिशेष जोड दिइएको नीति कार्यान्यनका लागि रु ३ करोड ५० लाख बिनियोजन गरिएको छ।

**२. सामाजिक विकास**

स्थानीय शिक्षा ऐन कार्यन्वयन गरी विद्यालय व्यवस्थापन, परिक्षा संचालन, शिक्षक दरबन्दी मिलान, नगर क्षेत्रभित्र शिक्षक सरुवा, रिक्त दरबन्दीमा करार शिक्षकको व्यवस्था, नमुना विद्यालयको बिकास, पुर्वप्राथमिक कक्षा विद्यालयहरुमा संचालन, अशक्त विद्यार्थीलाई आवासीय सुबिधा उपलब्ध गराउदै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको पढाइका साथसाथै प्राविधिक शिक्षा पठनपाठन संचालन गर्न, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सोको ब्यबस्थापन समितिको क्षमता विकास गर्न, बिकासमा लैंगिक समानता र सामाजिक समावेशीकरण गर्न, स्वच्छ खानेपानीको सहज पँहुच स्थापित गर्न, पुर्ण सरसफाइयुक्त नगर बनाउन र आवश्यक समपुरक कोषका लागि खानेपानी बिकास कोष स्थापना गर्न रु ३ करोडका साथै सामाजिक सुरक्षा भत्ता रु ७ करोड ५० लाख गरि रु १० करोड ५० लाख बिनियोजन गरिएको छ।

**३. पुर्वाधार विकास**

वातावरण मैत्री, अपांग मैत्री, महिला तथा बाल मैत्री सडक, पूल, सिंचाइ कुलो तथा पोखरी, भवन, ढल निर्माणका लागि सहभागिता परिचालन गर्ने गरि गल्याङ निवुवाखर्क रुपाखानी  मोहनडाडा जलुके तम्किकोट श्यालबास हुँदै सेतिबेणी जोड्ने सडक , गल्याङ कल्लेरी भन्ज्याङ पिडिखोला हुँदै सेतिबेणी जोड्ने सडक र गल्याङ तुलासिभंज्यांग तिन्दोबाटे हुँदै पकवादी जोड्ने सडक नगर गौरवको आयोजनाको रुपमा कार्यान्वियन समेत गर्न र पूर्वाधार विकास कोष स्थापना गर्न रु ३ करोड ८० लाख बिनियोजन गरिएको छ।

**४.बन, वातावरण तथा विपद व्यवस्थापन**

दिगो विकासको लक्ष्य अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण तथा जलउत्पन्न प्रकोप नियन्त्रण, जलबायु परिवर्तन अनुकुलिन बातावरण संरक्षण, फोहोरमैला व्यवस्थापनका साथै विपद व्यवस्थापन कोष स्थापना गर्न रु ६५ लाख बिनियोजन गरिएको छ।

**५.संस्थागत विकास, सेवा प्रवाह् र सुशासन**

नगरपालिकाबाट नगरबासिका लागि प्रभावकारी सेवा प्रवाहका लागि जनसहभागिता, सेवा प्रवाह बिधि, संरचनागत व्यवस्था, सेवाको सुरक्षा जस्ता पक्षहरुलाई अंगिकार गरि सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई सरलीकृत सेवा प्रवाहका लागि रु ३५ लाख बिनियोजन गरिएको छ।

**६.वडा कार्यालय**

नगरपालिका ११ वटै वडा समितिबाट छनौट भएका विभिन्न बिकास कार्यक्रम संचालनका लागि रु ३ करोड ८० लाख बिनियोजन गरिएको छ।

**७.नगर कार्यपालिकाको कार्यालय**

जनप्रतिनिधिको सुबिधा, नगरपालिका तथा वडा कार्यालयको प्रशासनिक तथा कार्यालय संचालन खर्चका साथै संस्थागत क्षमता विकास कार्यक्रम संचालन, जग्गा प्राप्ति, भवन निर्माण, मेशिनरी औजार तथा सवारी साधन लगायत खरिदका लागि रु ९ करोड ९५ लाख बिनियोजन गरिएको छ।

**८.सशर्त अनुदान**

सशर्त अनुदान अन्तर्गत विनियोजित बजेटलाई तोकिएका कार्यक्रम संचालनका लागि खर्च गरिने छ।

**सभाध्यक्ष्य महोदय,**
यो बजेट प्रस्ताव गर्दा संघ, प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउदैं जनशक्ति विकास , रोजगारी श्रृजना र शुसासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ। सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम कार्यान्यन गर्न रु ५४ करोड ६१ लाख ८८ हजार ३ सय १८  बिनियोजन गरिएको छ। उक्त खर्च ब्यहोर्ने श्रोत नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ११ करोड ६६ लाख, राजश्व बाँडफाँड रु ७ करोड ७८ लाख ७४ हजार र सशर्त अनुदान रु २२ करोड ६ लाख तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १ करोड २१ लाख १९ हजार र राजश्व बाँडफाँड रु ३९ लाख ९५ हजारका साथै  अन्तरिक आम्दानी रु २ करोड, नगद मौज्दात रु १ करोड ५० लाख ३ सय १८, सामाजिक सुरक्षा भत्ता अनुदान रु ७ करोड ५० लाख र  अन्य अनुदान ५० लाख हुनेछ। बिनियोजन विधेयक, २०७५ र आर्थिक विधयेक, २०७५ यसैसाथ पेश गरेको छु।
अन्तमा, बजेट तयारीमा आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नु हुने तथा सल्लाह सुझाब दिनुहुने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारजगत तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु,
**धन्यवाद।**